Scanned with CamScanner

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा

# स्यानिटरी प्याड खरिद सम्वन्धि दरभाउपत्र आहवानको सूचना

( प्रथम पटक सूचना प्रकाशित मितिः २०७७।०३।११ गते )

यस नगरपालिकाका अन्तर्गत कक्षा ५ देखि कक्षा १२ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुको लागि निःशुल्क वितरण गर्ने स्यानिटरी प्याडहरुको आवश्यकता भएको हुंदा इच्छुक व्यक्ति फर्म, संस्था, कम्पनी वा निर्माता कम्पनीका अधिकृत विक्रेताहरुवाट तपसिल वमोजिमका शर्तहरुको अधिनमा रही के कति दरमा उक्त स्यानिटरी प्याड उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र रित्त पूर्वकको शिलवन्दी दरभाउपत्र यस न.पा. कार्यालयमा पेश गर्न हुन आह्वान गरिन्छ ।

तपसिल

०१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको (२०७७/०३/२५) कार्यालय समय भित्र
रु. १,०००/- (फिर्ता नहुने गरि) यस कार्यालयवाट दरभाउपत्र खरिद गर्न सकिने छ ।
०२. इच्छुक फर्म, संस्था वा कम्पनीले दरभाउपत्र खरिद गर्दा आ.व. २०७६/०७७ को लागि नविकरण गरिएको फर्म,
संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, औषधि, उपकरण तथा औजारहरु बिकी वितरण गर्ने व्यवसायी प्रमाणपत्र,
मु.अ. कर दर्ता प्रमाण पत्र र स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आन्तरिक राजश्व विभाग वा कार्यालयवाट आ.व.
२०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गर्नु पर्ने छ ।
०३. दरभाउपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (२०७७/०३/२६) दिनको १२ :००
वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । साथै दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन
सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट खरिद र दाखिला गर्ने अन्तिम दिन मानिनेछ ।
०४. शिलबन्दी दरभाउपत्र फारम दर्ता भएको दिनको २.०० वजे भित्र दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको
रोहवरमा खोलिने छ । निजहरु उपस्थिती नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
०५. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र जमानत वापतको रकम रु. ७५,०००/- अक्षरेपी पचहतरी हजार रुपैया
वराबरको यस कार्यालयको नाउँमा नेपाल बैंक लि., लहानमा रहेको धरौटी खाता नम्वर
०३६०३०००००३००००००००१ रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य
बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तिमा ७५ दिन
म्याद भएको जमानी पत्र (विड वण्ड) पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर वा विड
वण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्यता दिइनेछ ।
०६. दरभाउपत्र दाखिला गर्दा फर्म, संस्था वा कम्पनीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (२)
अनुसार आ. ब. २०७६/०७७ को लागि नविकरण गरिएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, औषधि
व्यवसायी प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र आन्तरिक राजश्व
विभाग वा कार्यालयवाट आ.व. २०७५/०७६ कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु तथा खरिद कारवाहीमा भाग
लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफनो स्वार्थ नबाझिएको तथा औषधि व्यवसाय सम्बन्धि पेशा,
सर्जिकल औजार उपकरण सम्बन्धि पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा
गरेको घोषणा पत्र दरभाउपत्र सम्बन्धि कागजात संग शिलबन्दी गरि पेश गनुपर्ने छ ।उल्लेखित कागजातहरु पेश
नगर्ने दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
०७. एक फर्मको नामवाट खरिद गरेको दरभाउपत्र अर्को फर्मको नामवाट दर्ता गर्न पाईने छैन ।
०८. दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट पेश गर्नु पर्दछ ।
०९. यस कार्यालयमा आपुर्ति गर्ने औषधि, उपकरण तथा औजार ढुवानी खर्च तथा सम्पुर्ण कुराहरु दरभाउपत्र दाताले
नै व्यहोर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

स्यानिटरी प्याड दाखिला हुन आउँदा सम्म स्यानिटरी प्याडको म्याद १८ महिना भन्दा बढि हुनु पर्ने छ तर स्यानिटरी प्याडको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा Expiry Date कम्तीमा ७५% बाँकी हुँदा दाखिला गरिसक्नु पर्ने छ। सो भन्दा कम अवधिको स्यानिटरी प्याड दाखिला हुने छैन।

११. सम्पुर्ण स्यानिटरी प्याडहरु WHO/GMP Certified कम्पनीहरुवाट उत्पादित समानमात्र खरिद हुने छ।

१२. दरभाउपत्र दाताले कवोल गरेको दररेट अंक र अक्षर दुवैमा र नेपाली मुद्रा प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ र केरमेट वा थप घट गर्नुपर्ने भएमा बुझिने गरि काटी दायां वायां आधिकारीक व्यक्तिको सही र फर्मको छाप लगाएको हुनुपर्ने छ।

१३. रित नपुगेको,म्याद नाघी आएको,सही छाप नभएको,केरमेट भई अंक र अक्षर नवुझिएको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन।

१४. दरभाउपत्र स्वीकृत गर्दा प्यकेजको रुपमा वा आइटमवाइज बोल कबोल अंक मध्ये न्यूनतम मुल्यका आधारमा स्वीकृत गरिने छ। साथै दरभाउपत्र दाताले दरभाउपत्रमा उल्लेखित सम्पुर्ण आइटमहरुको दररेट उल्लेख गर्नु पर्नेछ।आपूर्ति भएका स्यानिटरी प्याडहरुको गुणस्तर भए/नभएको चेक जांच स्यानिटरी प्याडको Expiry Date सम्म कुनै पनि समयमा गर्न सकिने छ। चेक जाँचमा लाग्ने सवै खर्च आपूर्तिकर्ताले व्यहोर्नु पर्ने छ।

१५. दरभाउपत्रदाताले दरभाउपत्र फारममा स्यानिटरी प्याडको उत्पादन (WHO/GMP ISO Certified) कम्पनीको नाम अनिवार्य उल्लेख गर्नु पर्नेछ। यसरी कम्पनी उल्लेख नभएको वा आंशिक वा अधिकांस उल्लेख भएको दरभाउपत्र उपर कुनै कारवाही हुनै छैन।

१६. आपुर्ति हुने स्यानिटरी प्याड प्रत्येकको प्याकिङ्ग बाहिर, Expiry Date, Batch No. अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्ने छ।

१७. प्राप्त हुन आएका दरभाउपत्र पूर्णरुपमा स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा नै सुरक्षित रहने छ। साथै स्यानिटरी प्याड यस कार्यालयको आवश्यता अनुसार खरिद गरिने छ।

१८. यस सूचनामा नपरेका कुराहरु दरभाउपत्र फारम तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुने छ।

१९. अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नम्बर ०३३-५६०१३८ र मो.नं. ९८४२८२४११० मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

| ठेक्का नं. | ठेक्काको नाम | जम्मा रकम (भ्याट सहित) | बैक जमानत | कैफियत |
|---|---|---|---|---|
| ०२/२०७६/०७७ | स्यानिटरी प्याड खरिद | २९,७६,०००/- | ७५,०००/- | |

२०७६/३/१०

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner